नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

स्थापित वि.सं. १९९४

## प्रधान कार्यालय, सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडको कपन शाखा, धुलाबारी शाखा, पनौति शाखामा सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ निर्माण कार्य गर्नको लागी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७७/०६/०५)**

नेपाल बैंक लिमिटेडको काठमाडौं जिल्ला स्थित कपन शाखा, झापा जिल्ला स्थित धुलाबारी शाखा, काभ्रपलाञ्चोक जिल्ला स्थित पनौति शाखामा काउन्टर पार्टिसन, आल्मुनियम ढोकाहरु, हेल्पडेस्क, फलामे केज, फल्स् सिलिङ, रंगरोगन आदि लगायतका सिभिल र इलेक्ट्रिकल र नेटवर्किङ्ग परिमाणको विवरण (BOQ) बमोजिम कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरभाउपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजेभित्र पेस गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । साथै कपन शाखाका लागि यस बैंकको काठमाडौ बैकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८३००००01 म र धुलाबारी शाखाका लागि धुलाबारी शाखामा र पनौति शाखाका लागि पनौति शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा धुलाबारी शाखाका लागि धुलाबारी शाखाबाट र पनौति शाखाका लागि पनौति शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समयभित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा वा धुलाबारी शाखाका लागि धुलाबारी शाखामा र पनौति शाखाका लागि पनौति शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाइन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित रकम बराबर धरौटीवापत कपन शाखा लागि यस बैंकको काठमाडौ बैकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१ मा नगद जम्मा गर्ने र धुलाबारी शाखाका लगि धुलाबारी शाखामा र पनौति शाखाका लागि पनौति शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्र निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त करचुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपी पेस गर्नुपर्नेछ साथै बैक तथा वित्तिय संस्थामा काउन्टर लगायत सिभिल र इलेक्ट्रिकल र नेटवर्किङ्ग निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पस गर्नुपर्नेछ ।

३) बोलपत्र पेस गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेस गर्नपर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनुपर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नुपर्नेछ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
**बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :** २०७७/०७/०४ गते मंगलवार कार्यालय समयभित्र ।
**बोलपत्र दाखिला गर्ने अन्तिम मिति :** २०७७/०७/०५ गते बुधवार बिहान ११:०० बजेभित्र ।
**बोलपत्र दाखिला गर्ने स्थान :** यस बैंकको कपन शाखाका लागि प्रधान कार्यालय, सामान्य सेवा विभाग र धुलाबारी शाखाका लागि धुलाबारी शाखामा र पनौति शाखाका लागि पनौति शाखामा बोलपत्र दाखिला गर्नुपर्नेछ ।

६) **थप विवरण :**

| शाखा/बोलपत्र नं | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटीबापत रकम | दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान | दरभाउपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कुल जम्मा रकम |
|---|---|---|---|---|---|
| **कपन शाखा/** NBL/NCB/20/W077/78 | ६० दिन | रु.८७,०००/- (अक्षरेपी सतासी हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौं । | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग मिति २०७७/०७/०५ गते बुधवार दिउसो १२:३० बजे । | रु.३४,५८,५४३/९९ (अक्षरेपी चौतीस लाख अन्ठाउन्न हजार पाँच सय त्रिलालिस र पैसा उनान्सय मात्र ।) |

| | | | | | |
|---|---|---|---|---|---|
| **धुलाबारी शाखा/** NBL/NCB/21 /W077/78 | ६० दिन | रु.१,१०,०००/- (अक्षरेपी एक लाख दश हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौं वा धुलाबारी शाखा। | ने.बै.लि. धुलाबारी शाखा २०७७/०७/०५गते बुधवार दिउसो १२:३० बजे। | रु.४३,८६,६५१/२४ (अक्षरेपी त्रिचालीस लाख छयासी हजार छ सय एकाउन्न र पैसा चौबीस मात्र।) |
| **पनौति शाखा/** NBL/NCB/22 /W077/78 | ४५ दिन | रु.५२,०००/- (अक्षरेपी बाउन्न हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौं वा पनौति शाखा। | ने.बै.लि. पनौति शाखा २०७७/०७/०५गते बुधवार दिउसो १२:३० बजे। | रु.२०,४५,२७९/२४ (अक्षरेपी बीस लाख पैंतालीस हजार दुई सय उनासी र पैसा चौबीस मात्र।) |

नोट : दरभाउपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ। यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ।